STUDY JAPAN
६ महिना tuition fees & Hostel
मात्रमा प्रोशेस गर्न सकिने
Intake: October/Jan
❖Free NAT/JLPT classes ❖Pay after visa
❖100% Part Time Job support ❖Full support in Japan
❖+12 & above can apply ❖Scholarship available
❖Translation & Documentation ❖NAT/JLPT not required
❖School & Location of your Choice
❖NAT/JLPT classes are running by language expert
Hurry up limited seat only
NADESHIKO Language Institute
Ranipauwa, barrack gate
(Karmacharya Hardware मा)
977-61-522668, 533421,9805877868

राष्ट्रिय दैनिक
गोल्डेन न्यूज
Golden News National Daily
❍वर्ष ५ ❍अंक २६० ❍श्रेणी 'क' ❍२०७१ असार १८ गते बुधबार ❍ 2 July, 2014 ❍पृष्ठ ४ ❍मूल्य रू. ३/-

5th EPS TOPIK कोरियाको लागि
कोरियन भाषा
✔दक्ष तथा अनुभवी प्रशिक्षक ।
✔EPS-TOPIK परिक्षा सम्बन्धी निःशुल्क परामर्श ।
✔सस्तो तथा भरपर्दो HOSTEL को व्यवस्था ।
✔FREE books with cd
✔Regular class/ Mock test
✔गुणस्तर आउनेदेखाई विशेष छुट ।
Hurry Up!!
PLATFORM INT'L EDUCATION
Prithivi Chowk,Pokhara
Ph: 061-541104

लेकसाइडमा घर भत्किंदा दुईको मृत्यु

तनहुँमा पहिरोले पुरिएर बालिकाको ज्यान गयो

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ असार ।

पोखरा उपमहानगरपालिकाको प्रमुख पर्यटकीय स्थलको रुपमा परिचित लेकसाइडमा मंगलबार बिहान घर भत्किंदा दुई जनाको मृत्यु भएको छ। पोखरा उमनपा वडा नं. ६ गौरीघाट बैदाममा पुरानो पक्की घर भत्काउने क्रममा घरको ठुलो भाग अचानक खस्न गइ सोही काममा संलग्न दुई मजदुरको मृत्यु भएको हो । स्थानीय बाबुराम लामिछानेको पुरानो घर भत्काउनका लागि मजदूरको रुपमा कार्यरत पर्सा जिल्लाको महादेवपट्टी घर भएका ३५ वर्षीय हरिनन्द भण्डारी र ३० वर्षीय मनोहर दासको पुरिएर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ ।

कास्कीका प्रहरी प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक केदार रजौरेले गोल्डेन न्यूज दैनिकलाई दिएको जानकारी अनुसार लामिछानेको पुरानो दुईतले पक्की घरको फलामे भऱ्याङ काटेर विमलाई तान्न डोरी लगाउने क्रममा उक्त दुर्घटना भएको हो । त्यस घटनामा अन्य मजदुरहरु हरिरामसिंह, विष्णुप्रसाद सुवेदी र सुरज भण्डारी लगायतका केही घाइते भएकोमा उनीहरूको हत र खुट्टामा सामान्य चोट लागेको छ । घर भत्किएर पुरिएका दुईजनाको घटनास्थलमै मृत्यु भएपछि नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीकान सावै स्थानीय सर्वसाधारणको प्रयासमा शव निकालिएको थियो । मृतकका परिवारलाई क्षतिपूर्ति दिने सम्बन्धमा भने अझैसम्म कुनै कुरा भएको छ। तर मजदूरहरुको रुपमा काम गर्दा उनीहरुले ज्यान गुमाउनु परेकाले क्षतिपूर्ति या मृतकका परिवारलाई केही राहत दिनुपर्ने भनाई मजदूरहरुको छ। मृतक दुवैको शव पोष्टमार्टमका लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पताल रामघाटमा राखिएको छ। अन्य तीन जना भने भागेर बाँच्न सफल भएको प्रहरीले जनाएको छ। लामिछानेले पुरानो घरको पछाडि होटल प्रयोजनका लागि नयाँ भवन निर्माण गरिरहेकोले पुरानो घर भत्काउन लागेका हुन् ।

यसैगरी तनहुँको शुक्ला गण्डकी नगरपालिका-१२ बगाले टोलमा सोमबार राति वर्षापछि आएको पहिरोले पुरिंदा एक बालिकाको घटनास्थलमै मृत्यु भएको छ। मृत्यु हुनेमा नरबहादुर श्रेष्ठकी १३ वर्षीया छोरी अमृता श्रेष्ठ रहेकी जिल्ला प्रहरी कार्यालय तनहुंले जनाएको छ। भान्सामा खाना पकाउँदै गरेकी ती बालिकालाई घर माथिबाट आएको पहिरोले पुरिंदा एक बालिकाको ज्यान गयो ।

घरले नै मजदूरको ज्यान लियो : मजदूरहरुले भत्काउन लागेको पुरानो घर आफै भत्किएर त्यहाँ कार्यरत दुई मजदूरको पुरिइ मृत्यु भएपछि उद्धारमा संलग्न सुरक्षाकर्मी र स्थानीयहरु । तस्वीर : गन्धन डटकम

सरकारको नीति र कार्यक्रम माथि छलफल

दलीय आधारमा सभासदहरूबीच घोचपेच

काठमाडौं १७ असार ।(रासस)

व्यवस्थापिका-संसद्मा आगामी आर्थिक वर्षका लागि सरकारद्वारा प्रस्तुत नीति तथा कार्यक्रममाथिको छलफल मंगलबारदेखि सुरु भयो । व्यवस्थापिका-संसदको मंगलबारको बैठकमा नेपाली कांग्रेसका प्रमुख सचेतक चीनकाजी श्रेष्ठले धन्यवादको प्रस्तावद्वारा राष्ट्रपति बाट गरिएको सम्बोधन आर्थिक वर्ष २०७१/७२ का लागि नेपाल सरकारका नीति तथा कार्यक्रम माथिको छलफल प्रारम्भ भएको हो । संविधानसभा व्यवस्थापिका-संसदको बैठकमा गत आइतबार राष्ट्रपति डा. रामबरण यादवले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए ।

प्रमुख सचेतक श्रेष्ठले प्रस्तुत नीति तथा कार्यक्रममा प्रतिबद्धता जाहेर भएका विषयलाई सरकारले उच्च प्राथमिकता दिंदै मुलुकको समग्र आर्थिक विकासमा केन्द्रित भएर अघि बढ्ने तथा निर्धारित समयमा संविधान जारी गर्ने, आगामी आर्थिक वर्षभित्र स्थानीय निकायको निर्वाचन गराउने, शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउनेतर्फ केन्द्रित रहेको बताए ।

नेकाकै गोपालमान श्रेष्ठले नीति तथा कार्यक्रम एकदलीय सरकारले नल्याएकोले त्यसमा सबै पक्षका चाहना समावेश गर्न नसकिएको स्वीकार गर्दै आगामी आर्थिक वर्षभित्र स्थानीय निकाय निर्वाचन गर्ने तथा सङ्क्रमणकालीन न्यायलाई पूर्णता दिन बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग शीघ्र गठन गर्ने प्रतिबद्धता स्वागतयोग्य छन् भने । मेलम्ची खानेपानी आयोजनाको काम द्रुत गतिमा अघि बढाउन र नमुना सहर विकासको अध्ययनमा स्याङ्जालाई पनि थप्न आग्रह गर्दै उनले कृषि तथा प्राविधिक विद्यालय स्थापना गर्ने प्रस्ताव उपयुक्त भए पनि विद्यालयस्तरीय शिक्षा पूरा गर्न नसकेका वर्गलाई केन्द्रित गरी उनीहरूलाई प्राविधिक शिक्षा प्रदान गर्दा लक्षित परिणाम प्राप्त हुने बताए । उनले दुईसय मेगावाट क्षमताको अँधीखोला जलविद्युत् आयोजनाको काम द्रुत गतिमा अघि बढाउन सरकारसंग आग्रह गरे ।

नेकपा (एमाले) संसदीय दलका नेता केपी शर्मा ओलीले सांसद्हरूले आफ्नो धरातल बिर्सन नहुने, सङ्क्रमणकालीन अवस्थामा प्रस्तुत भएको नीति तथा कार्यक्रमले सबैका चाहना सम्बोधन गर्न नसक्ने भएपनि संविधान निर्माणको गहन जिम्मेवारी पाएको सदनलाई असफल हुन नदिन एकता र सहकार्य जरुरी भएको बताए । उनले भने-संविधान लेखनमा नै हामी केन्द्रित हुनुपर्छ। नयाँ नेपाल निर्माण गर्न हरेक पल हामीले काम गर्नुपर्छ। कृषि, उद्योग, व्यापारको विकास गर्ने र पिछडिएका जनताको जीवनस्तर उकास्ने लक्ष्यका साथ नीति तथा कार्यक्रम आएको भन्दै उनले राष्ट्रको आवश्यकताअनुसार शैक्षिक जनशक्ति उत्पादन गर्नुपर्नेमा जोड दिए । सामाजिक सुरक्षा, देशको आर्थिक विकासका सावै समाजवादतर्फ उन्मुख नीति तथा कार्यक्रम २०५१/५२ को कार्यक्रमपछिको उत्कृष्ट रहेको उनको भनाइ थियो । व्यवस्थापिका-संसदको बुधबारको बैठकमा केही दलका शीर्ष नेताले विभिन्न पार्टीका नेताको नाम नै किटेर घोचपेच गरेका छन् । सरकारद्वारा आगामी आर्थिक वर्षका लागि प्रस्तुत नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिने क्रममा राप्रपा नेपालका सभासद् कमल थापाले एनेकपा (माओवादी) का नेता डा. बाबुराम भट्टराईलाई कलेजकालका आफ्ना सहपाठी भन्दै उनको दलले अवलम्बन गरेको गणतन्त्र र धर्म निरपेक्षताको बाटोप्रति असहमति जनाए । उनले खुलेरै काठमाडौं उपत्यकाको सडक विस्तारका लागि नेता भट्टराईले गरेको निर्णयको स्वागत गर्दै कृतज्ञता ज्ञापन मात्र गरेनन् राजसंस्था र हिन्दू राष्ट्रको सम्मिश्रणवाटै नयाँ नेपाल निर्माण हुने बताए । नेता भट्टराईले सत्तारुढ दलका नेताहरूको सामूहिक छलफलबाट बनेको नीति तथा कार्यक्रम 'दुई भिन्न पक्षबीचको समागमबाट जन्मिएको खच्चड जस्तो र त्यसले वंशवृक्षलाई विस्तार गर्न नसक्ने' विचार व्यक्त गरेका थिए । डा भट्टराईद्वारा चित्रित खच्चड झरु कोही नभएर तत्कालीन नेकपा(माओवादी)ले बनाएको उल्लेख गर्दै नेता थापाले भने, "मेरो मान्यतामा नेपाली कांग्रेस र नेकपा (एमाले) लाई विचारविहीन तपाईंहरूले बनाइदिएको हो ।"

ती दुई दलले २०४६ सालमा ल्याएको व्यवस्था र संवैधानिक राजतन्त्रलाई माओवादीको नेतृत्वमा भत्काइएको उनको कथन थियो ।

त्यसैगरी, मधेसी जनअधिकार फोरम(लोकतान्त्रिक) का सभासद विजयकुमार गच्छदारले निर्धारित समयमा संविधान जारी गर्नेगरी काम गर्न नसके सारनाथ तीर्थवास जानुको विकल्प नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेललगायत नेतासंग नभएको सन्दर्भ आफ्ले यसअघिको बैठकमा प्रस्तुत गरेको निःसङ्कोच उल्लेख गर्दै संविधान बनाउने दिशामा सबै सभासदको

बाँकी अन्तिम पृष्ठमा.....

पर्यटन बसपार्कको विवाद अझै समाधान भएन

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ असार ।

पोखरा उपत्यका नगरविकास समितिले पर्यटन बसपार्कको रुपमा संचालन भइरहेको जग्गा अर्कै व्यक्तिलाई ठेक्कामा दिएपछि उत्पन्न विवाद अझै समाधान हुन सकेको छैन । पोखराबाट काठमाडौं चल्ने सबैजसो पर्यटन बस छुट्ने बसपार्कको रुपमा संचालन हुँदै आएको उक्त जग्गाबाट वर्षेनी ६ लाख रुपैयाँ भाडा लिने गरी नगरविकास समितिले ठेक्कामा दिएको छ ।

विगतमा उपयोग विहीन अवस्थामा रहेकोले उक्त जग्गालाई सामान्य व्यवस्थित गरेर पर्यटन व्यवसायीहरुले पर्यटन बसपार्कको रुपमा विकास गर्न लागेका हुन् । यसैक्रममा नगर विकास समितिले आफ्नो स्वामित्वको जग्गाबाट आम्दानी गर्ने भन्दै बसपार्क प्रयोजनका लागि नै ठेक्कामा दिएपछि पर्यटन व्यवसायीहरु असन्तुष्ट बनेका हुन् ।

कतिपय पर्यटन व्यवसायीले पोखराको पर्यटन प्रवर्द्धन गर्नका लागि र बसपार्कलाई वास्तविक पर्यटन बसपार्क बनाउनका लागि नगरविकास समिति आफैले पहल गर्नुपर्ने र त्यसो नभए पर्यटन व्यवसायी वा सम्बद्ध संस्थालाई जिम्मा दिनुपर्ने माग गर्न थालेका छन् । पर्यटन व्यवसायीले बसपार्क भित्रबाट बस छुटाउन नचाहेपछि सडकबाटै पर्यटन बसहरु छुट्ने गरेका छन् । यसले पर्यटकहरुका लागि बस चढ्न र झर्नका लागि केही असुविधा परेको छ भने जग्गा ठेक्कामा लिएर कमाइ गर्ने सोच राखेकाहरुलाई समेत चिन्ता बढेको छ ।

यो अवस्थामा केही पर्यटन व्यवसायीले भने मध्यमार्गी बाटो अपनाउन नगरविकास समिति र आन्दोलनमा लागेका पर्यटन व्यवसायीलाई आग्रह गरिरहेका छन् । नगरविकास समितिले यसअघि पनि उक्त बसपार्क ठेक्कामा दिएको थियो तर त्यस बेला पनि ठेक्का दिने नगरविकास समिति र ठेक्का लिने व्यक्तिहरुले पर्यटन व्यवसायीलाई सहमतिमा ल्याउन नसक्दा ठेक्का नै रद्द हुन पुगेको थियो । पोखरामा राष्ट्रबैंक चोकस्थित उक्त पर्यटन बसपार्क बाहेक पृथ्वीचोक र बारल्डु बसपार्क समेत संचालनमा रहेपनि तिनलाई पनि व्यवस्थित र प्रभावकारी ढङ्गले संचालन गर्न सरोकारवालाहरु सफल देखिएका छैनन् ।

पोखरा उपत्यका नगरविकास समितिको नेतृत्व सम्हाल्ने अवसर पाउने बेला सो सुकैले पनि पृथ्वीचोस्थित बसपार्क व्यवस्थित गर्ने र नयाँ निर्माण गर्ने, फैवातल लगायत यस क्षेत्रका प्राकृतिक र पर्यटकीय सम्पदाको संरक्षण गर्नुका सावै पृथ्वीचोकमा रहेको शान्तिवन वाटिकालाई बोटानिकल गार्डेन तथा उपयुक्त स्थलको रुपमा विकास गर्ने प्रतिबद्धता सार्वजनिक गर्ने गरेका छन् । तर अहिलेसम्म नगरविकास समितिको अध्यक्ष तथा सदस्य बन्ने अवसर पाएका कसैले पनि ती प्रतिबद्धतालाई सार्थकता प्रदान गर्न सकेका छैनन् । जसले गर्दा सरकारी नियुक्ति लिएर पनि सामान्य काम गर्ने र सरकारले तोकेअनुरुप सेवा सुविधा लिने बाहेक खासै उल्लेखनीय काम भने कतैबाट हुन सकेको छैन ।

परनिर्भरता र पलायनले नेपालको अर्थतन्त्र ओरालो लाग्दै

राजाराम कार्की
काठमाडौं १७ असार ।

मुलुकको अर्थतन्त्रमा पछिल्लो समय मुख्य तीनपक्षले नकारात्मक प्रभाव पारेको विविध तथ्याङ्कले देखाएको छ। कृषिमा परनिर्भरत, युवा जनशक्तिको पलायन र खेतीयोग्य जमिन बाँझो हुने क्रमले मुलुकको अर्थतन्त्र क्रमशः ओरालोतर्फ उन्मुख भइरहको तथ्य र तथ्याङ्कले सम्बन्धित सबैलाई एकपटक सोच्न बाध्य पारेको छ ।

एकातर्फ लहलह धानका बाला झुल्ने गाउँको खेतमा बनमारा फुलेको छ भने अर्कोतर्फ खेतीयोग्य जमिन बाँझो छोडेर दिनहुं हजारभन्दा बढीको सङ्ख्यामा युवाको गन्तव्य खाडी मुलुक बनिरहेको छ । सत्तरी प्रतिशतभन्दा बढी कृषिमा आश्रित मुलुकको अर्थतन्त्रका लागि योभन्दा ठूलो नकारात्मक प्रभाव अर्को हुन सक्दैन । त्यस्तै तीव्र रूपमा भइरहेको युवा पलायनले बढाएको कृषिको परनिर्भरताले मुलुकको अर्थतन्त्र क्रमशः ओरालो दिशातर्फ उन्मुख भएको विभिन्न क्षेत्रका विज्ञहरूको तथ्याङ्क प्रस्तुत भएबाट बुझ्न सकिन्छ ।

यस वर्ष ४३ प्रतिशत खेतीयोग्य जमिन बाँझो, ४१ लाखभन्दा बढी युवा वैदेशिक रोजगारीमा र मासिक करिब रु नौ अर्बको कृषिजन्य वस्तु आयात गर्नुपरेको तथ्यले एकपटक आमनेपालीलाई झस्काएको हो । नेपालको कृषि गणना, २०६८ लाई आधार मानेर हेर्दा दस वर्षपछि एक लाख २९ हजार हेक्टर जमिन बाँझै छ । अर्थमन्त्रालयका सचिव लेखनाथ भुसालका अनुसार ३० लाख ९० हजार हेक्टर जमिनमा मात्र खेती भएको छ। नेपालको कुल क्षेत्रफल एक लाख ४७ हजार १८१ वर्ग किमि छ। १० हजार वर्ग मिटर बराबर एक हेक्टर मानिन्छ । छैटौं कृषि गणना २०६८ ले एक लाख १६ हजार व्यक्तिले आफ्नै जमिन नभएका कारण कृषि पेसा गर्न नपाएको, ४२ प्रतिशत कृषकले आफू व्यावसायिक कृषि गर्न आफुलाई ऋण उपलब्ध नभएको र कृषिबाटै रोजगार गर्न चाहनेहरूको लागि राज्यले सहज लगानीको वातावरण मिलाउन नसकेको समेत सो गणनामा उल्लेख छ ।

त्यसैगरी, हुने खाने कुलिन वर्गहरू सहर केन्द्रित हुनु र जमिन जोतीखान सक्ने युवावर्ग वैदेशिक रोजगारमा गएका कारण जग्गा बाँझिने क्रम बढेको पूर्व कृषि मन्त्री छविलाल विश्वकर्माको भनाइ छ। नीति निर्माणको तहमा पुगेका जनप्रतिनिधि तथा उच्चपदस्थ कर्मचारीहरूबाट पकट हुने विभिन्न तथ्य र तथ्याङ्कले आमनेपालीलाई झस्काए पनि कार्यान्वयन गर्न बेलाबखत उनीहरूबाटै प्रतिबद्धता नहुँदा देशको अर्थतन्त्र परनिर्भरको दिशातर्फ उन्मुख भएको सहजै अनुमान लगाउन सकिन्छ ।

उर्वर जमिनलाई बाँझो राख्न नपाइने नेपालमा कानून छैन । सीमित व्यक्तिका हातमा प्रचुर जमिन हुनु, जग्गाको खण्डीकरण हुनु, खेतीयोग्य भूमि घडेरीकरण हुनु, परम्परागत आकाशे खेतीमा परनिर्भर, सिंचाइको व्यवस्था नहुनु, उन्नत जातका बीउविजन तथा मलखाद एवम् कृषि अनुदानको राम्रो व्यवस्था नहुनु, किसानले उचित मूल्य प्राप्त गर्न नसक्नु, सरकारी उदासीनता र शिक्षित वर्गबाटै कृषि पेसालाई उपहास गर्ने आदि कारणले कृषि क्षेत्रको परनिर्भरता बढ्दै गएको हो । मुलुकलाई कृषि प्रधान देश भनिए पनि राज्यले यस वर्ष तरकारी फलफूल, मासुजन्य वस्तु गरी कुल रु ४५ अर्ब र चामल, गहुँ, तेल, दाललगायत गरी रु ५५ अर्बको आयात गरेको बल्ल तरकारी बजारका निर्देशक रामकृष्ण कुँवरले जानकारी दिए ।

राज्यले वार्षिक रु एक खर्बको तरकारी र खाद्यान्न भारतबाट आयात गर्ने गरेको अवस्थामा मुलुकमा नै राज्यले कृषि क्षेत्रको उत्पादनमा आधुनिकीकरण र व्यावसायीकरण गर्ने हो भने भारतसँगको व्यापार घाटा करिब ३८ प्रतिशतले कम गर्न सकिने कृषि विकास मन्त्रालयको दावी छ। नेपाल राष्ट्रबैंकको तथ्याङ्क अनुसार भारतसँगको नेपालको व्यापार घाटा रु पाँच खर्बभन्दा बढी रहेको उल्लेख छ। दस वर्षमा अन्नबालीमा नौ, धान र गहुँ बालीमा छ, मकै बालीमा १२ कोदो १९, जौ ३५, फापर ४०, कोसे दाल बालीमा २१ प्रतिशत र तोरी बालीमा १३ प्रतिशतले उत्पादन घटेको छ। रेमिटभान्स (विप्रेशण) ले मुलुक चलेको छ। पढेलेखेका युवा अस्ट्रेलिया, अमेरिका तथा युरोप र दरा पाखुरा भएका नबयुवालाई खाडी मुलुक जानबाट रोक्न राज्यले वैकल्पिक उपायको खोजी तत्कालै नगर्ने हो भने मुलुक युवाविहीन बन्न सक्छ भन्छन् राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गोविन्द पोखरेल । हिजोआज दूरदराजका गाउँहरू युवाविहीन बनेका छन् । प्रायः घरका ढोकामा ताल्चा लगाइएका छन। पिढी र आँगनमा दुबो उम्रेको छ। कतै बूढाबूढी र भुराभुरीमात्र देख्न पाइन्छ। बिवाह र मलामी जान तीन गाउँका मान्छे जम्मा हुनुपर्ने परिस्थत बनिसकेको विषय हाम्रा अगाडि प्रष्ट छ। वैदेशिक रोजगार विभागको पछिल्लो तथ्याङ्क अनुसार करिब ४१ लाख नेपाली कामको खोजीमा विश्वका १०८ देशमा विभिन्न प्रकृतिको काम गर्दै आएका छन्। जसले करिब रु चार खर्बभन्दा बढी रेमिटघान्स नेपाल भित्र्याए पनि उक्त रकमको सदुपयोग हुन सकेको छैन। रासस

Accounting & Banking Training
MATCOSC नै किन ?
यस क्षेत्रमा नै सबैभन्दा पहिलो विगत १३ वर्षदेखि Bank officer, Management Expert तथा Auditor हरूबाट Accouting Banking सम्बन्धी १००% Practical Training दिइ Bank, Company, School, Business Firm, NGO आदिमा न्यारेन्टीका साथ Job गर्नका लागि ।
Manual Accounting:
❖Business Accounting
(Hotel, Bank, NGO, School, Company)
❖VAT, Income Tax, Banking
Computrized Accounting:
❖Tally ERP.9, TATA E-X Next, Swastik & FINPRO
Free Admission, Certificate & Training Meterial
Mega Offer for +2, BBA/BBS Student
Contact :
MATCOSC
(Management Training & Consultant Service Centre)
Mahendrapool, pokhara (Tika Bhawan)
Ph. no: 061-540297, 9846384533

नेपालको एकमात्र अर्थोपेडिक (हाडजोर्नी तथा नशा) हस्पिटल जोरपाटी,काठमाडौंका वरिष्ठ डा. कैलाश भण्डारी पोखरामा
के तपाई लामो समयदेखि हाडजोर्नी तथा नशाको समस्याबाट पीडित हुनुहुन्छ ? जस्तै हातखुट्टा करकरी दुःख्ने, खुट्टा सुनिने, हात सुनिने, शरीरको सम्पूर्ण भागको मासु पोल्ने, हात खुट्टा झमझमाउने, युरिक एसिड, वाथ, नियमित उपचार गरी सन्चो नभएका बिरामी जस्तै हड्डीले नशा च्यापेको, हड्डी खिइएको, शरीरको सम्पूर्ण जोर्नीहरू दुख्ने, औषधि खाएर पनि सन्चो नभएका बिरामीहरूको सही उपचार गर्न जुन हाडजोर्नी, युरिक एसिड, वाथ रोग लाग्यो त्यही रोग सम्बन्धी विशेषज्ञलाई उपचार गराई ढुक्क रही सही उपचार गर्न वरिष्ठ डा. कैलाश भण्डारी पोखरा आउँदै हुनुहुन्छ स्वास्थ्य लाभ लिनुहोला ।
बिरामी जाँच मिति : असार २१ गते शनिबार
समय : बिहान ८ बजेदेखि दिउँसो २ बजेसम्म
सम्पर्क :
परिचित मेडिकल हल
पालिखोचोक, पोखरा, फोन : ९८४६०४१४९४

■ अरुको भनाइ अनुसार सधैं नचल। आफ्नो निर्णयलाई गुरु मान। अरुको बाटोमा हिँड्ने मानिस कहिल्यै उच्च कोटिमा पुग्न सक्दैन। – **सेक्सपियर**

सम्पादकीय . .

माओवादीबीचको एकताले दिएको सन्देश

मार्क्सवादी विज्ञानमा आधारित निष्कर्षलाई आफूलाई मार्क्सवादी भन्ने अनेकौं कम्युनिष्टहरू स्वयमले मान्न अस्वीकार गर्दछन् । परिणाम तिनीहरूले अनेकौं बहानामा बुर्जुवावर्गको राज्यसत्तालाई कसरी कमजोर बनाउने भन्दा त्यसलाई कसरी बलियो बनाउने र पुँजीवादको ठाउँ समाजवादले लिने रणनीति र कार्यनीतिलाई बइगाएर प्रस्तुत गर्ने, रणनीति र कार्यनीतिलाई छयासमिस बनाएर पेश गर्ने आदि गर्दछन् । सबै मार्क्सवादीले जानेको कुरा हो कि कार्यक्रमका दुई भाग हुन्छन्- अधिकतम र न्यूनतम । नेपाली कम्युनिष्ट आन्दोलनको समस्या भनेको यिनै अधिकतम र न्यूनतम कार्यक्रमलाइ राम्ररी वैज्ञानिक ढङ्गले सूत्रबद्ध गर्न नसक्नु नै हो । कार्यक्रमलाई वैज्ञानिक ढङ्गले सूत्रबद्ध गर्ने भनेको पुँजीवादको विनास र समाजवादी उत्पादनको सङ्गठनलाई ध्यानमा राखेर गरिने हो । साँचो सत्य कुरा के हो भने कुनै एउटा रणनीतिलाई त्यसबेला मात्र सच्चा मार्क्सवादी भन्न सकिन्छ, जब त्यो आफ्नो कारवाहीमा मार्क्सवादको कार्यक्रमद्वारा निर्धारित आन्दोलनको उद्देश्यद्वारा निर्देशित हुन्छ । सर्वहारावर्गले सबभन्दा प्रभावकारी रूपले आफ्नो दृश्यमनलाई मुख्य प्रहार केन्द्रीत कसरी गर्न सकिन्छ ? वास्तवमा त्यही नै क्रान्तिको दिशा निर्देश हो ।

समाजमा विद्यमान वर्गहरूको वर्गविश्लेषण त धेरै टाढाको विषय भयो र स्वयम एउटा कम्युनिष्ट पार्टीभित्र वर्गउत्थानको उदय भएको छ । त्यहीँभत्र एउटा गरिखाने वर्ग र अर्को तिनै पार्टीभित्रकै तिनै गरिखाने वर्गको शोषणमा पिसिनेहरूको तह बन्यो । हुनत राजनीतिक रणनीतिको काम प्रधानतः मार्क्सवादको सिद्धान्त र कार्यक्रमले उपलब्ध गरेको तथ्याङ्कको आधारमा सबै देशका सर्वहारावर्गको क्रान्तिकारी सङ्घर्षको अनुभवलाई ध्यानमा राखेर कुनै खास मुलुकको खास ऐतिहासिक अर्वाधमा सर्वहारावादी आन्दोलनको मुख्य दिशा सही ढङ्गले निर्धारण गर्नु हो । र कार्यनीति त रणनीतिको एउटा अंश मात्रै हो र रणनीतिको सेवाका लागि कार्यनीति तय गरिन्छ । रणनीतिको उद्देश्य नेपालमा कम्युनिष्ट राज्यसत्ताको स्थापना हो । जसका लागि नेपालमा विद्यमान प्रतिक्रियावादी राज्यसत्ताका विरूद्ध अन्त्यसम्म सङ्घर्ष गर्दै जाने हो भने कार्यनीति भनेको त्यो अन्तिम युद्ध जित्नका लागि ससाना लडाईहरू, मुठभेडरूमाथि विजय प्राप्त गर्दै जाने हो । जुन कुराहरू खासकालको सङ्घर्षका ठोस परिस्थितिसंग लगभग मिल्दाजुल्दा हुन्छन् । अहिले नेपालमा सबै प्रतिक्रियावादीहरू मिलेर देशमा २०६२/०६३को आन्दोलनका उपलब्धीहरूलाई खतम पार्ने गरी संविधान लेख्न खोज्दै छन् । जसमा नेपालका केही कम्युनिष्ट पार्टीका नेताहरू 'संसदीय व्यवस्थाको विकल्प छैन' भन्दै नेपाली कंग्रेसको बोलीमा लोली मिलाइरहेका छन् । वर्तमान संविधानद्वारा सर्वहारावर्गका विरूद्ध संविधान लेख्न चाहेका छन् । यो सही हो कि वर्तमान संविधानसभाद्वारा नेपालमा जनताको पक्षमा संविधान लेख्न सकिदैन ।

यसो भन्दैमा के नेपालका परिवर्तनकारी तथा क्रान्तिकारीले २०६२-०६३को अन्तरिम संविधान, मधेस आन्दोलन, विभिन्न जनजाति, महिला तथा दलित आदि उत्पीडित वर्गसंग गरेका सम्झौता र नेपालमा आमूल परिवर्तनका लागि भनेर दशवर्षसम्म चलाएको सशस्त्र विद्रोहसंग गरिएको विस्तृत शान्ति सम्झौताको आधारमा सङ्घर्षको मोर्चाबन्दी गर्न मिल्दैन ? संसदीय व्यवस्थाको विकल्प छैन् भन्दै हिंडेर भन्दा त उल्लेखित विषयवस्तुहरूमा कार्यगत एकता गरेर सङ्घर्ष गर्ने कार्यनीतिले नै मार्क्सवादी रणनीतिको सेवा गर्ने निश्चित छ । त्यसकारण अहिले नेपालका ५वटा माओवादी राजनीतिक दलहरूले जे-जस्तो कार्यदल बनाएर अंघि बढ्ने निर्णय गरेका छन्, त्यसमा मिल्न सक्ने अन्य शक्ति तथा जनवर्गसंग पनि एकता गर्दै अगाडि बढेमा मार्क्सवादले व्याख्या गरेको रणनीतिको प्राप्तिका लागि तत्काल अपनाइने कार्यनीतिहरूले सकारात्मक परिणाम दिने निश्चित छ ।

आजको पञ्चाङ्ग

आज मिति २०७१ साल आषाढ १८ गते बुधवार, तदनुसार जुलाई २ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामकह संवत्सरह, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । ग्रीष्म ऋतु चल्दै छ । चान्द्रमान अनुसार आषाढशुक्लपक्ष चलिरहेको छ । शौरमान अनुसार आज आषाढशुक्लपक्षको पञ्चमी तिथि ४० घटि ५२ पला अर्थात रातिमा ९ बजेर ३४ मिनेटसम्म त्यसउप्रान्त षष्ठी तिथि लाग्नेछ । आज सूर्य मिथुन राशिमा रहेको छ भने चन्द्रमा सिंह राशिमा अहोरात्र रहनेछ । आज दिनमान ३४ घटि ३१ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर १३ मिनेटमा तुरुवेव मूहर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ७ बजेर २ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : सरकारी काम असफल हुनेछ, पारिवारिक विवाद थपिने, दीर्घ रोगको सुरुवात हुनेछ सतर्क रहनुहोला ।

वृष : शत्रुहरु सक्रिय हुनेछ, धनमल हराउन सक्नेछ, नकारात्मक सोचाइले गर्दा आर्थिक नोक्सानी हुनेछ ।

मिथुन : खेलकुदबाट मनोरञ्जन प्राप्त हुनेछ, सकारात्मक सोचाईले गर्दा आर्थिक लाभ, स्वास्थ्य राम्रो रहनेछ ।

कर्कट : टाढाको यात्रामा शारीरिक पीडा हुन सक्ने, सोचेजस्तो काम गर्न असफल, आफन्तबाट धोका हुनेछ ।

सिंह : मनमा उत्साह बढ्नेछ, स्वास्थ्यमा क्रमिक सुधार, वैदैशिक रोजगारको अवसर मिल्नेछ, समय राम्रो छ ।

कन्या : धार्मिक कार्यतिर समय खर्च हुने, पति-पत्नीबीच वैमन्यश्यता बढ्ने, आम्दानीका श्रोत घट्न सक्ने ।

तुला : इष्टमित्रबाट सहयोग गर्नेछन, आफन्तसंग रमाइलो भेटघाट, प्रेम-प्रसंग सुमधुर रहने, यात्रा फलदायी हुनेछ ।

वृश्चिक : सन्तानको सहयोगले अधुरा कार्य पूरा, उत्साह उमंग थपिनाले दिन अत्यन्तै राम्रो रहनेछ उपयोग गर्नुहोला ।

धनु : यात्रामा अवरोध हुन सक्नेछ, पेट रोगले सताउनेछ, स्त्रीवर्गसंग किचलो हुने, गरेको कार्य अर्थहिन हुने ।

मकर : राजनीतिक दुःख झेल्नुपर्ने, आत्मीयजनबाट धोका र कलहले दिनभर मनमा तनाव हुनेछ होसियार हुनुहोला ।

कुम्भ : एकमुष्ट रकम संकलन, नविन कार्यको थालनी हुनेछ, दिन शुभ रहनेछ उपयोग गर्नु राम्रो हुन सक्छ ।

मीन : मनोरञ्जन तिर मनजाने, रमाइलो भ्रमणको अवसर, पारिवारमा खुसीयालीले गर्दा दिन सुखमय हुनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६१

पोखरा र अहिलेको आवश्यकता

✍ विन्दुकुमार थापा

भौगोलिक अवस्थितिका कारण औलो उन्मूलन अगावै व्यापारिक केन्द्रको रुपमा विकास भएको सहर हो पोखरा । अहिले समग्र पश्चिमाञ्चलको प्रशासनिक, व्यापारिक र शैक्षिक केन्द्रको रुपमा मात्र हैन देशको मुख्य पर्यटकीय गन्तव्यको रुपमा पनि पोखराको विशिष्ट पहिचान छ । विकास समयक्रमको देन हो भने, पोखराको विकासको लागि विभिन्न व्यक्ति र संघ/संस्थाहरुले समयक्रमसँगै यथोचित योगदान पुऱ्याएका छन् । ति नाम मध्ये अग्रपंक्तिमा आउने नाम हो तत्कालीन अंचलाधीश शंकरराज पाठक । विक्रमाब्द ३० को दशकमा प्रशासकको रुपमा पोखरा आएका उनले पोखराको बृहत्तर विकासका लागि योजनाबद्ध रुपले अभियान थाले । परिणाम स्वरुप अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा रंगशाला, प्रशासनिक भवनहरुका लागि जग्गा अधिग्रहण भात भएन, उनकै अगुवाईमा पोखराको न्यूरोड जन्मियो । उनको दूरदर्शितावैं कारण पोखराले एउटा चौडा सडक मात्र पाएको छैन, पोखराले गर्व गर्ने ठाउँ पनि पाएको छ । त्यसो त, बडाहाकिमको रुपमा आएका घनविक्रम राणा लगायतले यहाँको सांस्कृतिक उन्नयनमा पुऱ्याएको योगदान पनि स्मरणीय छ । पृथ्वीनारायण कलेजको स्थापनामा खटिएका यहाँका अगुवाहरु, त्यो महान कार्यमा हैंसे गर्न आई पुगेका गुरु जर्ज जोन, उम्दो संस्था पोखरा उद्योग वाणिज्य संघ लगायत सबैको योगदानले अहिले पोखरा बन्न सकेको हो । सिद्धार्थ राजमार्ग र पृथ्वीराजमार्गको निर्माणले पोखरालाई देशका अन्य भागसँग जोड्ने काम गऱ्यो । त्यस लगत्तै जन्मिएको पृथ्वीराजमार्ग बस व्यवसायी समिति, पोखरा बस व्यवसायी समितिले निजि क्षेत्रको तर्फबाट यातायात सेवा संचालन गरी पोखरालाई आधुनिक सहरको रुपमा विकास गर्न पुऱ्याएको योगदानलाई कम आँक्न मिल्दैन, भला त्यो सेवामा विरोधाभाष नै किन नहोस् ।

तथ्य अनुसार कास्कीको जनसंख्या चार लाख ९२ हजार आठ सय ९८ छ । नेपाल राष्ट्रबैंक पोखरा कार्यालयको तथ्यांक अनुसार कास्कीमा रहेका एक सय ५२ वटा बैंक तथा वित्तीय संस्थाले चालु आर्थिक वर्षको पहिलो छ महिनामा नौ अर्ब एक करोड ३५ लाख ९८ हजार रुपैयाँ रेमिट्यान्स भित्र्याएका छन् । जिल्लाको शहरी जनसंख्या क्रमशः वृद्धि हुँदै करिब ५२ प्रतिशत पुगेको छ । संख्या वृद्धिदरको आधारमा २५ वर्षमा कास्की जिल्लाको जनसंख्या दोब्बर हुने प्रक्षेपण गरिएको छ ।

यस जिल्लाको जनसंख्या वृद्धिदर दुई दशमलव ५७ प्रतिशत छ भने जनघनत्व प्रति वर्ग किलोमिटर दुई सय ४४ छ । पोखरा उप-महानरपालिकामा ६८ हजार दुई सय ३६ घरधुरीमा दुई लाख ९५ हजार चार सय ६५ जनसंख्या छ । कास्कीका ग्राभेल, कच्ची र कृषि सडक गरी एक हजार पाँच सय ८४ किलोमिटर सडक संञ्जाल रहेको छ । २०५८ मा जिल्लामा जम्मा पाँच सय आठ किमी सडक थियो । राजमार्ग भने ७८ दशमलव ७६ किलोमिटर छ ।

यो,मानवीय सूचकांकमा पोखरालाई सम्बद्ध सहरको रुपमा चित्रण गरेको छ । यहाँको रहनसहन र खानपान भड्किलो छ । दैनिक सयौंको संख्यामा पोखरासँग सपना साँट्न आउनेहरुका कारण जनघनत्व पनि बढ्दो छ । रेमिट्यान्सका कारण यो अवस्था आएको कसैबाट छिपेको छैन । रेमिट्यान्सलाई उत्पादनशील क्षेत्रमा खर्च गराउन राज्यबाट कुनै पहल भएको छैन । उपभोक्तावादी संस्कृति हावी भएको छ । स्वरोजगारपति युवाहरुको चाख घट्दो छ । यस्तो अवस्थामा पोखराबाट मात्रै भए पनि स्वरोजगारको अभियान थाल्न सकियो भने ठूलै उपलब्धि हुने थियो । त्यतातिर अब ध्यान दिनैपर्छ । वर्षेनी लाखौंको संख्यामा भित्रने पर्यटकलाई आधार बनाएर युवाहरुलाई सो उद्योगतिर आकर्षित गराउन र नयाँ पर्यटकीय गन्तव्य र प्रोडक्टको विकास गराउनु पनि अहिले पोखराको आवश्यकता बनेको छ । कृषि पछिल्लो समयमा संभावनायुक्त क्षेत्रको रुपमा उदाएको छ । आयात प्रतिष्थापन गर्न र रोजगारीको अवसर बढाउन कृषिमा सरकारी लगानी बढाउन कृषि क्षेत्रमा सहूलियत दरमा ऋण, आवश्यक प्राविधिक ज्ञान सरकारी क्षेत्रबाटै प्रदान गरिनुपर्छ ।

पोखराको आवश्यकता फेरिएको छ यतिबेला । अन्तर्राष्ट्रिय सहर उन्मुख पोखरामा नै रहेको पूँजीको सही परिचालन र बाह्य पूँजी आकर्षण गरी शिक्षा, स्वास्थ्य, पर्यटन र कृषिको आधुनिकी र व्यवसायीकरणमा परिचालन गराउन सकुपर्छ । निजी क्षेत्रले त्यसको पहल पनि गरेको छ । यहाँको पर्यटन, शिक्षा र स्वास्थ्य अनि पछिल्लो समयमा कृषि क्षेत्रमा भएको लगानीले पोखरालाई पोखराको रुपमा चिनाउन मद्धत गरेको हो । १० हजार मान्छेलाई दैनिक आतिथ्यता प्रदान गर्न सक्ने संरचना, दैनिक हजारौं विद्यार्थीलाई आधुनिक र गुणस्तरीय शिक्षा र कृषिमा पछिल्लो समय भएको लगानीको हिसाब गर्दा अरबौं हुन आउँछ । निजी क्षेत्रले सक्रियता नदेखाएको भए यो संभव हुने थिएन । पछिल्लो समयमा पोखराले बाह्य लगानीको पनि अपेक्षा गरेको छ । तर, बाह्य लगानीकर्ताहरु पर्ख र हेरको स्थितिमा रहेका छन् । उदाहरणको लागि अहिले लेखनाथ र पोखरा क्षेत्रका धेरै ठाउंमा बाह्य लगानीकर्ताले ठूलो परिमाणमा जग्गा किनेर राखेका छन् । उनीहरुले विभिन्न परियोजनाका निम्ति भन्दै जग्गा किने पनि त्यहाँ सोचे अनुरुप लगानी भने गरेका छैनन् । समय राम्रो भए मात्र बाह्य लगानी भित्रने हो । स्थानीय आवश्यकता त स्थानीय नै पूरा गर्नुपर्छ । त्यसका लागि यहाँकै पूँजी परिचालन गर्नु अहिलेको आवश्यकता हो । पोखरामा अहिले स्थानीय श्रोत नै परिचालन गरी पोखरा ट्रेड मल निर्माण भएको छ । ४६ जना व्यवसायी मिले र बनाइएको यो ट्रेडमल पोखराको निम्ति गतिलो सपिड मलमात्र हैन, लगानीकर्ताको लागि उत्साह जनाउन पनि कारक हुने अपेक्षा राख्न सकिन्छ ।

सरकारी निकायहरुको विकासे गति ढिला छ । भौतिक संरचनाहरुमा समुचित लगानी हुन सकेको छैन । सरकारले सडक, बिजुली, खानेपानी लगायतका संरचनामा लगानी गर्ने हो र उचित माष्टरप्लान बनाउने हो भने निजि क्षेत्रले लगानी नगर्ने कुरै आउँदैन । भारतको बिहार सरकारले भौतिक संरचनामा लगानी मात्र के गरेको थियो, विकासले आफै गति लियो । भारतको बिहारबाट हामीले सिक्नुपर्ने यही नै हो । अकोतर्फ, सहरकेन्द्रित विकासलाई गाउँगाउँ सम्म पुऱ्याउनु तथा आधुनिक सहरीकरणको लागि योजनाबद्ध प्रयासको थालनी गर्न ढिला भई सकेको छ । कालान्तरमा पोखराले पनि राजधानी खाल्डोको नियती भोग्ने हो कि भन्ने आशंका पनि बढ्दो छ । यो अवस्थामा उचित योजनाको निर्माण, सार्वजिनक निजी साझेदारी कार्यक्रमको संचालनको आवश्यकता पनि उत्तिकै टड्कारो बनेको छ । अहिलेको संरचनाले आउने वर्षहरुमा पोखराको जनघनत्व धान्न सक्दैन । जनघनत्व बृद्धिसँगै यहाँका भौतिक संरचनाको स्तरोन्नति, नव निर्माणमा पनि ध्यान दिनैपर्छ । पोखरा चक्रपथ, अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण, सरसफाईको लागि दीर्घकालीन योजना, व्यवस्थित बसपार्क, सार्वजनिक शौचालय, पार्क, मनोरञ्जनस्थल, चिडियाघर, कला संग्रहालय लगायतका पूर्वाधारहरु निर्माणको लागि अब सरोकार वालाहरुले सोच्नैपर्छ ।

(लेखक थापा पोखरा उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष हुन् ।)

पाचौं बिग आइकन शुरु

पोखरा १७ असार ।(गोल्डेन)

सामसुङ ग्यालेक्सी नियो विग आइकन २०१४ मंगलबारदेखि शुरु भएको छ । पहिलो चरणको अडिसन अन्तरगत पहिलो दिन २ सय ३२ जना गायन प्रतिभाहरुले अडिसनमा सहभागिता जनाए । पहिलो दिनको अडिसनमार्फत ५१ जना गायन प्रतिभाहरुले मात्रै दोस्रो चरणका लागि हरियो कार्ड प्राप्त गरेका छन् । पहिलो चरणको अडिसनमा मेघराज बर्देवाले पहिलो हरियो कार्ड प्राप्त गरे । यसअघिको विग आईकन विजेता मुस्कान रानाभाटले पहिलो प्रतियोगीलाई हरियो कार्ड प्रदान गरेकी थिईन् । यसअघि कार्यक्रमको शुभारम्भ गर्दै विग एफएमका अध्यक्ष महेश भण्डारीले विग आईकनलाई नेपालकै सर्वाधिक पुरस्कार राशि भएको रविग आईकनमा सम्पूर्ण पश्चिमाञ्चल बासीको प्रतिष्ठा भएको बताए । विग एफएमका कार्यक्रम संयोजक संजोग बस्यालले विग आईकन संगीतको महाकुम्भ मेलाको रुपमा विकसित भैसकेको बताए । यस्तै एफएमका मार्केटिङ को-अर्डिनेटर उदिपराज ढुंगानाले गायन रियालिटि शोलाई पाँचौ संस्करणसम्म ल्याईपुऱ्याउन सहयोग गर्ने सम्पूर्ण व्यवसायिक प्रतिष्ठानलाई उनले धन्यवाद ज्ञापन गरे । शुरुवातकाल देखि निर्णायकको भूमिका खेल्दै आएका पोखराका अग्रज संगीतकमीहरु सामसुङ तामाङ र सुनिल थापाले विग आईकन गायन प्रतिभाहरुका लागि नेपालकै उत्कृष्ट मञ्च भएको दावी गरे ।

चाया, पोतो र डण्डिफोर Bye Bye

✿ चाया, पोतो, डण्डिफोर र मसियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाउने

यही Orginal Korean Cosmetic Product पाइन्छ ।

✿साथमा मोटोपन घटाउने र बढाउने पनि ।
✿कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
✿सेतो कपाललाई ५ मिनेटमा नै कालो बनाउने
✿महिनामा ने १-३ इन्च हाइट बढाउने Step-Up.
✿चाउरिपना हटाउने
✿पिनासका लागि सफल उपचार ।
✿न्यार्ष्टिक उपचार
✿Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
✿यहि नदिइ जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।

Skin Test गरिन्छ ।

घाउ, जम्मर, हात खुट्टाका जोर्निहरुको दुखाइ कम गर्ने

नेपालकै नं. १ *Aloevera Juice हामीकहाँ पाइन्छ ।*

बिहानी ब्युटी ट्रेडर्स

चिप्लेढुङ्गा, पोखरा-४, फोन: ९८४६१५४१८८, ०६१-५२४४५४
(मल्ल इम्पोरियमको अगाडि द्वा कम्प्लेक्स भन्दा दुई घर तल)

रेष्टुरेन्ट तु विक्रीमा

तुरुन्त खरिद गर्नेलाई ५०% छुट का साथ रेष्टुरेन्ट विक्रीमा

मूल्य रू. १ लाख मात्र।-

सम्पर्क : ९८०४१९३४७०

आवश्यकता

कुक - १ जना
कुक हेल्पर - १ जना
डिस वासर - १ जना
हाउस किपङ्ग - २ जना
रुम ब्वाई/वेटर - २ जना
नाइट गार्ड - १ जना

अनुभवीलाई विशेष प्राथमिकता

सम्पर्क : ०६१-५१२८१७, १९१९१६३०२

हामी सरेका छौं

न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, ०६१-२२९८३७

पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।

त्यो पनि सस्तोमा

अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस ग्यारेन्टीका साथ टोनर रिफिलिङ Mono/Color (A4/A3)

Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions

इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित

गण्डकी कम्प्युटर्स ... the printer house

तुरुन्त खानेपानी चाहिएमा

मेनेजर: ९८४६५२४७०७
अफिस: ०६१-४६६४७९
ट्याङ्कर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५

डीप रक वाटर सप्लायर्स
मितेरी गाउँ-१५, पोखरा

क्या मज्जा !

World Cup 2014

ठूलो पर्दामा हेर्दा छुट्टै मज्जा

प्रोजेक्टर चाहिएमा

फोन : ९८५६०२९८८२

नि:शुल्क कम्प्युटर तालिम

यस Green plus को सहयोगमा Informatics & High Mount computer इन्स्टिच्युटमा नि:शुल्क कम्प्युटर शिक्षा संचालन भैरहेको छ । (छनोटमा नपरेकालाई १० प्रतिशत छुट दिइएको छ ।

Informatics computer
सुजनाचोक, पोखरा-८
061-229471(UTL), 9846041617

High Mount computer
विन्ध्यवासिनी, पोखरा-२
061-527435, 9846566480

खुशीको खबर ! खुशीको खबर !!

सस्तो, भरपर्दो, छिटो र विश्वासिलो माध्यमबाट देश तथा विदेशमा चिठीपत्र, पार्सल एवं कार्गो पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

साथै बस, जहाज र मनकामना केवलकारको टिकट समेत हामीकहाँ पाइन्छ ।

सम्पर्क

WorldTouch Cargo & Courier Pvt.Ltd.
(सम्पदा कम्प्लेक्स) चिप्लेढुङ्गा, पोखरा, फोन ०६१-५३२५०२, ९८०६७३८३००

पसल विक्रीमा

डिहिकोपाटन मेनरोडमा पर्ने पसल तु विक्रीमा छ । कोठा सहित सटर भएको ।

सम्पर्क
फोन : ०६१-४६२८५७
मो. ९८१४१२६३०२

भर्ना खुल्यो

RAI School announce Admission open for + 1 (Best college in kathmandu)
Tel: 01-4911685
सम्पर्क :
BTI pokhara, सभागृहचोक
061-207111, 9856031380
Contact Us for : General Banking, Accounting Training

खानेपानी चाहिएमा

मिनरल वाटर र जार पानी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला ।

सम्पर्क
भद्रकाली सप्लायर्स
काहुंबोलाचोक, आर्बा-१,
फोन : ०६१-५३९०६०
९८५६०३७६६६

विदेश जानेहरुका लागि सुवर्ण अवसर

दुबई र कतारको Group-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्यूरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु नि:शुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

अन्तरवार्ता भइरहेको छ ।

खास विशेषताहरु :-
✓ शतप्रतिशत उत्तीर्ण गराउन सफल
✓ आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराईने ।
✓ १ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क **फेवा सेक्यूरिटी एण्ड क्लर्क सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुलिनाथ विकास बैंकको अगाडि, पोखरा विजमेला कम्प्लेक्स सटर नं. ३०, फोन:- ०६१-५२०५२२, मो. ९८४६०-४१४९२

"रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

योर्स ट्रेड कन्सर्न

सर्वसुलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !

फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की

डिलर: एशियन पेन्ट

नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

नेतृत्व तथा संस्था व्यवस्थापन सम्बन्धी तालिम

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ असार ।

टोल विकास संस्था बडा समन्वय समिति बडा नम्बर ८ को आयोजनामा नेतृत्व तथा संस्था व्यवस्थापन सम्बन्धि त्रिदिवसीय क्षमता अभिवृद्धि तालिम सुरु भएको छ ।

तालिमको उद्घाटन गर्दै पोखरा उपमहानगरपालिकाका कार्यकारी अधिकृत झलकराम अधिकारीले तालिम लिए पनि सकारात्मक परिवर्तन नभए त्यसको कुनै अर्थ नरहने बताए । विगतमा भन्दा अहिले महिला सशक्तिकरणका कार्यक्रमहरुले तिव्रता पाएको पनि उनले बताए । पोखरा उपमहानगरपालिकाले अहिले विभिन्न दातृ निकायबाट आएको सहयोगको श्रेय नगरबासीलाई जाने उनले बताए । उनले अब छिटै पोखरा उपमहानगर पालिकाले सम्बन्धित निकायमा छलफल गरेर एकीकृत सम्पत्तिकर लागु गर्ने जानकारी दिए ।

तस्वीर : गोल्डेन न्यूज दैनिक

कार्यक्रममा मानव मिलन नारी जागरणका अध्यक्ष सावित्री शर्मा, नागरिक समाज पोखराका संयोजक रामबहादुर पौडेल, बोडकार्स्टिड एशोसियसन अफ नेपालका सचिव दुर्गा अधिकारी, नेपाल पत्रकार महासघंका सदस्य सुस्मा पौडेल, नेपाली कांग्रेस बडा इकाईका पूर्व सभापति विरेन्द्र विजुक्छे, राप्रपाका बडा इकाई समितिका अध्यक्ष राजु पौडेल, अखण्ड नेपालका जिल्ला उपाध्यक्ष ठूलो टेकन गिरी, नेपाली कांग्रेसका बडा इकाई सभापति सानो टेकन गिरी, बडा समन्वय समिति बडा नम्बर ८ का उपाध्यक्ष शारदा सुवेदी लगायतले आ-आफ्नो भनाइ राखेका थिए । टोल समन्वय समिति पोखरा ८ का अध्यक्ष शारदा गिरीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन टोल विकास सस्था बडा समन्वय समिति पोखरा ८ का सचिव पार्वती पौडेलले गरेका थिइन । ३ दिने तालिमको सहजीकरण पोखरा उपमहानगर पालिकाका कार्यक्रम अधिकृत दुर्गा न्यौपाने र वित्त अधिकृत सविता बुङ्गानाले गरेकी थिइन ।

लायन्सको तहगत समीक्षा र सम्मान कार्यक्रम

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ असार ।

लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ बि १ अन्तर्गत रिजन ८, जोन १७ को समिक्षात्मक तथा अवाई वितरण समारोह सम्पन्न भएको छ । लायन्स क्लब अफ पोखरा ग्लोवल सिटीको आयोजनामा सम्पन्न कार्यक्रममा लायन्स क्लब अफ पोखरा भद्रकाली, लायन्स क्लब अफ पोखरा युनाइटेड चौतारी, लायन्स क्लब अफ पोखरा लेकसिटीका पदाधिकारीको सहभागिता रहेको थियो ।

सो अवसरमा वर्ष २०१३।१४ मा समाजसेवामा उत्कृष्ट काम गरे वापत लायन्स क्लब अफ पोखरा लेकसिटीका सचिव लायन मदन केसीलाई उत्कृष्ट सचिवको अवाई दिइएको थियो । उक्त अवाई कार्यक्रमका प्रमुख अतिथि मल्टिपल चियर पर्सन दिपक श्रेष्ठ र जोन चियर पर्सन उत्तममान बुद्धाचार्यले प्रदान गरेका थिए ।

त्यस अपसरमा बोल्ने अधिंकाश बक्ताहरुले सामाजिक कार्यको भावनाले प्रेरित भई आगामी दिनमा अझ सामाजिक कार्यमा योगदान गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा लायन्स क्लब अफ पोखरा ग्लोवल लेकसिटीका अध्यक्ष लायन प्रजन कुमार थापा, प्रमुख अतिथि दिपक श्रेष्ठ, विशेष अतिथि पिएमसिस प्रेम बहादुर श्रेष्ठ, जोन चियर पर्सन उत्तममान बुद्धाचार्य, लायन्स क्लब अफ पोखरा भद्रकालीका चियर पर्सन दिपककान्त तिवारी, लायन्स क्लब अफ पोखरा युनाइटेड चौतारीका अध्यक्ष हिमालय बखेल, लायन्स क्लब अफ पोखराका इलेक्ट प्रेसिडेन्ट शिव श्रेष्ठ, रिजन चियर पर्सन विमला श्रेष्ठ, डिस्ट्रिक्ट एडभाइजर राजेन्द्र बाटाजु, को डिस्ट्रिक्ट एडभाइजर तीर्थलाल श्रेष्ठ, पोखरा विश्वविद्यालयका पूर्व रजिष्टार तथा विश्व शान्ति स्तुपाका अध्यक्ष प्रकाशमान गुभाजु, पूर्व डिस्ट्रिक्ट गर्भनर योगेन्द्र प्रधान लगायतले बोलेका थिए । उक्त अवसरमा जोन चियर पर्सन उत्तममान बुद्धाचार्यलाई मल्टिपल चियर पर्सन दीपक श्रेष्ठले प्रमाणपत्र प्रदान गरेका थिए ।

पिस सिटी लायन्सद्वारा चार्टर हस्तान्तरण

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ असार ।

लायन्स क्लब अफ पोखरा पिस सिटीद्वारा स्पोन्सर गरिएको क्लब लायन्स क्लब अफ काठमाडौं पिस सिटीको चार्टर हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ ।

गत सोमवार काठमाडौं, बालाजु बाईसधारा स्थित यमी क्याफेमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि लायन्स अन्तर्राष्ट्रिय ३२५ बी १ नेपालका डिष्ट्रिक्ट गर्भनर युक्तप्रसाद श्रेष्ठले काठमाण्डौ पिस सिटीका चार्टर प्रेसिडेन्ट लगायत चार्टर मेम्बरहरुलाई पद तथा गोपनियताको सपथ खुवाई चार्टर हस्तान्तरण हस्तान्तरण गरेका थिए । सोही अवसरमा गर्भनर युक्तप्रसाद श्रेष्ठले पिस सिटीले वर्षभरी गरेका समाज सेवा सम्बधी कार्यहरुको प्रशंसा एवं चर्चा गर्दै लायनवादलाई स्थापित गराउन विशेष सहयोग पुऱ्याएको र स्थापनाको छोटो अवधिमा डिष्ट्रिक्टको उत्कृष्ट क्लब हुन सफल भएको बताए ।

कार्यक्रममा ईलेक्ट द्वितीय भाईस डिष्ट्रिक्ट गर्भनर बालाकृष्ण बुर्लाकोटी, क्याबिनेट ट्रेजरर महेन्द्र पौडेल, डिष्ट्रिक्ट एडभाईजर धनराज आचार्य लगायतले शुभकामना व्यक्त गरेका थिए । सो अवसरमा काठमाण्डौ पिस सिटीका संस्थापक अध्यक्ष कमल ढुंगानाले आफ्नो प्रतिवद्धता मन्तव्य व्यक्त गरेका थिए । पिस सिटीका अध्यक्ष प्रशान्तराज धमलाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थापक अध्यक्ष सुदीपराज ढंगानाले स्वागत मन्तव्य र सचिव टंकराज अधिकारीले कार्यक्रम संचालन गरेका थिए ।

पार्क पुनर्निमार्णको तयारी

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ असार ।

ड्याम साइड क्लबको आयोजनामा पोखरा उपमहानगरपालिका बडा नं. १७ को ड्याम साइडमा रहेको ड्यामसाइड पार्कको पुनःनिमार्ण कार्य भइरहेको जनाएको छ । करिब ४ लाख खर्च अनुमान गरिएको सो पार्क पुनःनिर्माणको काम असार २० गतेसम्म पुरा हुने छ । करिब २ रोपनी क्षेत्रफल भएको सो पार्कलाई तार जाली र पर्खालले कम्पाउण्ड गरिंदछ । फेवाताल तिरको भागमा ढलान गरिने छ। साथै पार्कलाई व्यबस्थित गर्नको लागि थप विभिन्न जातका फुलका बेर्नाहरु रोपिएको छ भने पार्कलाई सुन्दर पार्न रंगरोगन गर्ने क्लबका सचिव रमेशप्रसाद बरालले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । तालको संरक्षण तथा तालमा हुने गरेको प्रदुषण न्युन पार्न पार्कलाई व्यवस्थित गर्नुपर्ने भएकोले क्लबले नगरपालिका, डेमसाइड पर्यटन प्रवर्धन समिति, ड्याम साइड टोल विकास संस्था, ड्याम साइड क्षेत्र सुधार समिति, बडा प्रहरी कार्यालय वैदाम, क्लबका पदाधिकारिहरु लगायत स्थानिय व्यक्ति संघसंस्थाको आर्थिक एवं नैतिक सहयोगमा जिर्ण अवस्थाको पार्क पुनःनिर्माण थालेको क्लबका अध्यक्ष पदमबहादुर ढकाले जानकारी दिए । उनले सो क्षेत्रमा अत्याधिक रुपमा कपडा धुने, नुहाउने र माछा मार्ने गरिंदै आएकोमा पार्कको पुनःनिर्माण पछि उक्त कार्य गर्न निषेध गरिने बताए ।

आदर्श टोल विकासको अध्यक्षमा सुवेदी

पोखरा १७ असार ।(गोल्डेन)

पोखरा-१४ चाउथेस्थित आदर्श टोलमा रहेको आदर्श टोल विकास संस्थाले नयाँ नेतृत्व पाएको छ । हालै सम्पन्न साधारणशभाले ध्रुव प्रसाद सुवेदीको अध्यक्षतामा १४ सदस्यीय समिति चयन भएको हो । समितिको उपाध्यक्षमा रमेश श्रेष्ठ, सचिवमा दिनेश अधिकारी , सह-सचिवमा शिला थापा र कोषाध्यक्षमा लक्ष्मण राना चयन भएका छन् । त्यसैगरी संस्थाका अन्य सदस्यहरुमा धन बहादुर नेपाली क्षेत्री, जिनीता राई, कमला शर्मा, श्याम सिके, विकास कर्माचार्य, सरस्वती भण्डारी, तिर्मिल्सिना, शिवनारायण श्रेष्ठ तथा शितल हमाल रहेका छन् । अध्यक्षमा चयन भएपनि बोल्दै अध्यक्ष श्रेष्ठले टोलको विकासका लागि आफू हरप्रयत्न गर्ने बताए ।

माइग्रेसन सर्टिफिकेट हरायो

मिति २०७१ ०२ ११ गते बगरबाट महेन्द्रपुल आउने क्रममा मिन्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : प्रकाश ताम्राङ
ठेगाना : पोखरा-१, बगर
माइग्रेसन .नं. : M ०५२०४५१
सिम्बोल नं. :२४०६२०३२
रजिष्ट्रेशन नं. : ६६४०६२०३९
सम्पर्क : ९८४०६०३१९९

प्रतिभा छनौट समिति गठन

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ असार ।

तमु धिं नेपालकी अध्यक्ष कर्म तमुद्वारा स्थापित नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) कास्कीद्वारा सञ्चालित 'कर्म-कर्ण' आदिवासी जनजाति पत्रकारिता पुरस्कार-२०७१' का लागि प्रतिभा छनौट समिति गठन गरिएको छ । अध्यक्ष तमुको हरेक वर्ष वैवाहिक वर्षगाँठका अवसरमा प्रदान गरिँदै आएको सो पुरस्कार यही असार २९ गते उनको ३४औं वैवाहिक वर्षगाँठका अवसरमा प्रदान गरिनेछ । फोनिज कास्कीको मंगलबार बसेको नियमित बैठकले सल्लाहकार राजबहादुर तमुको संयोजकत्वमा पाँच सदस्यीय प्रतिभा छनौट समिति गठन गरेको छ । समितिका सदस्यहरूमा पुरस्कार संस्थापकको तर्फबाट सरस्वती तमु, पुरस्कारबाट सम्मानित व्यक्तित्वहरूको तर्फबाट तिलकप्रसाद पुन, सल्लाहकार दीपेन्द्र श्रेष्ठ र फोनिज कास्की अध्यक्ष हुमबहादुर तमु रहेको उपाध्यक्ष रूद्रबहादुर श्रीसमगरले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । यसैगरी, फोनिज कास्की शाखाको बैठकले तीन दिने दुई वटा तालिम सञ्चालन गर्ने निर्णय पनि गरेको छ ।

नयाँ र पुराना कम्प्युटरहरू खरिद बिक्री गर्नुपरेमा

के तपाईंसंग पुराना कम्प्युटरहरू छन् ?
पुरानो कम्प्युटर र ल्यापटप ल्याउनुहोस र नयाँ लैजानुहोस वसका साथै हामीकहाँ कम्प्युटर मर्मत तथा नयाँ पुराना कम्प्युटरहरू किनबेच गरिन्छ ।
नोट : पोखरा भ्याली भित्र होम सर्भिसको व्यवस्था छ ।
Online Computer Institute
न्यूरोड ५, पोखरा (नगरपालिकाको कार्यालय पछाडि)
सम्पर्क : ९८४६६१७२२७, ९८०२८३३२४२

अनेक समस्या सफल उपचार

म्याष्टिक: खाना रुचि नहुने, अमिलो पानी आउने, भ्रुसिल ढकार आउने जस्तो सुकै पुरानो म्याष्टिकको सफल उपचार ।
यौन समस्या: लिङ्ग स्थलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्वन्धि समस्या
महिनामारी नहुवाई, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट दाह कम्मर दुखे, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाइट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वादिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायी पोतो, इण्डिफोर, दाग धब्बा, मसिया, कोठी, चाउर्पाफ हटाई पुरै शरिर गोरो बनाउने ।
दुबली पातली महिलाको सीन बनाउनको लागि सीनी फर बढाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, दम साँसी बाथ, दाह कम्मर, हाड जोनी पुरै शरिर इन्खाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिजाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२४५४८, मो. ९८४६१३०४१८
फिर होम डेलिभरि

Study & Work in Europe
Newzeland/Poland/Netherland/ Switzerland
Intake: September, October
❖IETS/TOFELS (Optional)
❖Pay After Visa
❖IELTS 5.5 Only for Netherland
❖High Visa Sucess rate till now
❖Gap uo-to 3 years, Part time job 20hr Per Week
Contact
Career Makers Education Pvt.Ltd.
Panthigalli, Chipledhunga, Pokhara-4
Tel: 061-523454, 9846040874

FIRST TIME IN NEPAL, FIRST TIME IN POKHARA
❖यौन पूरुष : लिङ्को साइज बढाउन, यौन क्षमता बढाउन, नामर्दी, ढिलापन, टेकापन, हटाउन, पूरा रहाम रात फर्काउन.
Herbal Livetra, Hormotex, Maxman.
महिला : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न
गुप्ताङ- Teenager जस्तो कसिलो बनाउन
चिरा-पेट र स्तनमा हुने सेतो धर्सा हटाउन
❖केश झर्ने तुरुन्तै रोकी उमार्ने हेयर टनिक मात्र ५००।-
❖मुहार चम्काउने 'रूप अमृत (Indian) मात्र १०५०।-
❖उचाइ बढाउन Step up (नक्ली पैसा फिर्ता)
❖तौल बढाउने आयुर्वेदिक अचुक औषधि मात्र १५००/-
(महिनामा ७-१० Kg बढाउने)
❖थाहै नदिई ३ दिनमै जाँड रक्सीको कुलत हटाउन
❖तौल घटाउने जापनिज deit मात्र २५००।-
❖हाड तथा जोनी दुखाइ ठीक पार्ने सन्धीसुधा, पेनलिन
* तौल घटाउन Slim 24 pro
पोखरा हर्बल होम्स
(भाटभटेनीको अगाडि)
न्यूरोड, पोखरा
061-539070, 9846053817, 9804122919

केही कर्मचारीको आवश्यकता
यस कम्पीका लागि अफिसमा काम गर्ने तथा बजार प्रतिनिधि भएर काम गर्न केही कर्मचारीहरु आवश्यक परेकाले इच्छुक व्यक्तिहरुले तुरन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क
न्यू पायोनियर इन्टरनेशनल, रानीपौवा, पोखरा-११
फोन : ०६१-५२७५१८, मो. : ९८५६०२५३७०

खुशीको खबर ! खुशीको खबर !!
के तपाई कम्प्युटर बिग्रिएर समस्यामा हुनुहुन्छ ? यदि तपाई घर तथा अफिसमै आएर कम्प्युटर मर्मत गर्ने ठाउँको खोजीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।
सेवा दिने स्थानहरु : पोखरा भ्याली, लेखनाथ र तनहुँ
Mycomputersathi.com
❖website Design & Development
❖Online Radio streaming Service
Mycomputersathi, Buddhachowk, Pokhara-10
Contact: 9746014694, 9804160688, 9846444087
Email : mycomputersath, Skype : mycomputersathi
Website : www.mycomputersathi.com

STUDY IN AUSTRALIA
EXPLORE YOUR DREAM DESTINATION

We'll Help You to Fix Your Problem
if you have and completed 5.0 in IELTS 10+2
Classes: IELTS CAE/PET/KET
TRINITY EDUCATION FOUNDATION
Bastolathar, Mahendrapool, Pokhara
T: PKR 061-525739 / 521639
KTM: 01-4720635 / 4720655
BRANCH: Chakrapath Maharajgunj, KTM
info@trinityeducation.edu.np

आवश्यकता

फाइबर प्राविधिक: १ (प्रत्येक स्थानका लागि)
फाईवर बिछाउने, तान्ने, मर्मत गर्नमा निपुर्ण र सो कार्यहरू अनुगमन गर्न सक्ने, गराउन सक्ने Splicing मा निपुर्ण, OTDR चलाउन जान्ने, कम्तिमा आइ ए वा सो सरह कम्तिमा ५ बर्षको अनुभव भएको, मोटर साईकल चलाउन सक्ने ।

फाईबर सहायक: ४ (प्रत्येक स्थानका लागि)
फाईवर बिछाउने, तान्ने, मर्मत गर्न सक्ने, कम्तिमा SLC वा सो सरह कम्तिमा ५ बर्षको अनुभव भएको, मोटर साईकल चलाउन जान्ने ।

बजार सहायक: संख्या: १(प्रत्येक स्थानका लागि)
ग्राहकहरूको घर तथा अफिसमा गएर रकम असुली गर्ने, लेखामा सहयोग गर्न सक्ने, कम्तिमा आई. ए. वा सो सरह उतिर्ण, सामान्य अंग्रेजी पढ्न लेख्न बोल्न जान्ने ।

ड्राइबर : १ (प्रत्येक स्थानका लागि)
हलुका सवारी चालकको अनुमति प्राप्त तथा ५ बर्षको अनुभव, असल आचरण भएको, ८ पास भएको ।

IT Executive: 2 (each)
● Minimum Bachelor in BCA, BBIM, BE, or relevant field, pleasing personality, communicative, shall be carrying customer support and installations maintaining existing network, and developing new network, knowledge of IP and network essential, CCNA an added advantage.

WANTED

Techinical Admin Executive: 2 (KTM)
● Minimum Bachelor in BCA, BBIM, BE or relevant field, pleasing personality, communicative, able to work under pressure, command of English, shall perform technical administrative work, (female only)

Marketing Executive: 1 (Each)
● Minimum Bachelor in any discipline, pleasing personality, communicative, able to work under pressure, minimum experience of 2 years in service or product marketing.

Administrative Executive: 1 (Each)
● Minimum Bachelor in any discipline, minimum experience of 2 years experience.

Electrician: 1 (Each)
● Min sub-overseer in Electrical Engineering, 2 years experience.

Accountant: 1 (Each)
● Minimum bachelor in BBS or should have good practical knowledge of book keeping and accounting standards, minimum 3 years experience .

HR Manager: 1 (KTM Based)
● Masters degree in HR/MBA or relevant from well recognized university, minimum 10 years experience, should be more of a developer than regulator, thorough knowledge of relevant prevailing laws of Nepal. Salary No Bar .

All applicants should have pleasing personality, communicative, team player, ability to work under pressure, positive attitude and discipline. Application should be received by **4 July 2014, 5:00 pm**. *interested candidate who meet the above criteria can send their application with detailed curriculum vitae (CV) to the following address or e-mail id. Only short listed candidates will be contacted.*

Lumbini Net Pvt Ltd
Corporate office
ThadoDhunga, Sanepa, Lalitpur,
Phone: +977-01-5524464
email: hrd@lumbininet.com.np
www.lumbininet.com.np/vacancy
Biratnagar-021-530020, Lahan- 033-560804, Janakpur- 041-522859, Birgunj- 051-523381, Hetauda- 057-524750, Chitwan- 056-571172, Pokhara- 061- 550200, Butwal - 071-545380, Nepalgunj- 081-520619, Dhangadi- 091-520151

विद्यालय जिम्न्याष्टिक्स महासंघ कास्कीमा कायस्थ

तस्वीर : गोल्डेन न्यूज दैनिक

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ असार ।

कास्कीका निजि तथा सामुदायिक विद्यालयको एक भेलाले राष्ट्रिय विद्यालय जिम्न्याष्टिक्स महासंघ, नेपाल जिल्ला कार्य समिति कास्की गठन गरेको छ । जीवनलाई स्वस्थ्य राख्न उद्देश्यका साथ उक्त समिति गठन गरिएको हो । समितिको अध्यक्षमा न्यू ग्यालेक्सी उच्च माविका राजु कायस्थ चयन भएका छन् । समितिको उपाध्यक्षमा बाराही उच्च माविका शुसिल केसी, सचिवमा हेमजा बोर्डिङ स्कूलका केशवशरण पौडेल, कोषाध्यक्षमा अञ्जुली बोर्डिङ स्कूलका राजु केसी, सह-सचिवमा अक्सफोर्ड स्कूलका प्रेमराज अधिकारी चयन भएका छन् । यसतै सदस्यहरुमा शिशुनिकेतन उच्च माविका होम गुरुङ, ओम एकेडेमीका युवक लामिछाने, रत्नज्योति उच्च माविका हेमन्त अधिकारी, सनफ्लावर बोर्डिङ स्कूलका दीपक शाह, डायमण्ड मोडल स्कूलका दुर्गाराज सुवेदीका साथै सबलाईन उच्च माविका पुष्पराज पराजुली रहेका छन् । समितिको सल्लाहकारहरुमा सुमन देवकोटा, विद्या मर्सानी, श्रीकृष्ण तिमिल्सिना, याम खड्का, राम थापा, बाबुराम पन्त र चिनु राना भाट रहेका छन् ।

पहिला विद्यालयका शिक्षकहरु लाई स्वस्थ्य बनाउने हाम्रो लक्ष्य हो समितिका सचिव पौडेलले भने-त्यसपछि विद्यालयमा अध्ययन गर्ने सम्पूर्ण बालबालिकालाई स्वस्थ्य बनाउने काम गर्ने छौं ।

समितिले आसर ३१ गते देखि साउन ५ गते सम्म जिम्न्याष्टिकस फर अल लेवल रन सम्बन्धी सप्ताहव्यापी कार्यशाल गोष्ठी सञ्चालन गर्ने भएको छ । गोष्ठिमा नियोन स्पोर्टस साइन्स युनिभर्सिटी टोकियोका वरिष्ठ प्रशिक्षक विश्व प्रसिद्ध प्रोफेशर टाचु ओ आराकीले प्रशिक्षण दिने भएका छन् ।

सरकारको...

ध्यान केन्द्रित हुनुपर्ने प्रसङ्गमा आफूले त्यसो भनेको स्पष्ट गरे ।

नेता गच्छदारले गगन थापा, चन्द्र भण्डारी, रामहरि खतिवडा लगायतका युवा पुस्ताका नेताले सन्दर्भ नबुझी उत्तेजित हुनु उपयुक्त नभएको बताउँदै सुशील कोइराला र शेरबहादुर देउबाको स्थान भविष्यमा थापा, भण्डारी र खतिवडाले लिने भएकाले आजैदेखि संयमित हुन व्यङ्ग्यात्मकरुपमा सुझाव दिए । राप्रपाका नेता थापाको २०४६ सालपछि देश बिगार्ने दलका रुपमा प्रजातन्त्र पुन: स्थापना पछिका स्थापित राजनीतिक दलप्रतिको आक्षेपको बचाउ गर्दै नेता गच्छदारले पञ्चायत कालमा देशलाई विकासबिमुख बनाउने काममा उनले निर्वाह गरेको भूमिका नबिर्सन झकझक्याए । आफ्ना अभिव्यक्तिमा प्रशस्त टुक्का र लोकोक्तिको प्रयोग गर्ने एमाले नेता केपी शर्मा ओली र राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसीले मंगलबार सांसद र समाचार सङ्कलन गर्न सदनमा उपस्थित भएका सञ्चारकर्मीलाई सालिन भाषामा बोलेर चकित पारे ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सूर्यबहादुर थापाले विषम परिस्थितिमा सार्वजनिक भएको सरकारको नीति तथा कार्यक्रमको कार्यान्वयनको पाटो जटिल छ भन्दै प्रमुख दलका शीर्ष नेताले आपसी समझदारी कायम गरी त्यसलाई लागू गर्नुपर्ने सुझाव दिए । मुलुकलाई दुर्घटनाबाट जोगाउन पनि त्यो अपरिहार्य भएको उनको अभिमत थियो । तमलोपाका बुजेशकुमार गुप्ताले तराई क्षेत्रको विकासका लागि नीति तथा कार्यक्रम मौन रहेको, बिद्युत् भार कटौतीबारे कुनै कार्ययोजना नभएको, कृषि क्षेत्रको विकास गर्ने भने पनि सिंचाइका पूर्वाधार विस्तार तथा मलखाद कारखाना स्थापनाको योजना नहुनु दुखद् भएको बताए ।

सिंचाइ आयोजनामा क्षति

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ असार ।

कास्कीको निर्मलपोखरी गाविस वडा नं. ५ मा रहेको रचैचौर सिंचाइ प्रणालीको नहर र इन्टेक हालैको वर्षाका कारण क्षतिग्रस्त बनेको छ । स्थानीय खहरे खोलाले सिंचाई डिभिजन दुई नम्बरद्वारा संचालित रचैचौर सिंचाईमा क्षति पुगेको निर्माण समितिका अध्यक्ष अशोक रायमाझीले गोल्डेन न्यूज दैनिकलाई बताए । उक्त आयोजनाको काम ९० प्रतिशत पुरा भएको थियो ।

बाइस राष्ट्रका साहित्यकारलाई भानुभक्त पदक प्रदान गरिने

गोल्डेन न्यूज संवाददाता
काठमाडौं १७ असार ।

आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकीका अवसरमा यही असार २९ गते नेपालसहित २२ राष्ट्रका साहित्यकारलाई 'भानुभक्त स्वर्ण पदक' प्रदान गरिने भएको छ । भानुभक्त आचार्य द्विशतवार्षिकी कार्यकारी समितिका सल्लाहकार नरेन्द्रराज प्रसाईले रासससंग कुरा गर्दै 'भानुभक्त स्वर्ण पदक' नेपाल सहित २२ राष्ट्रका साहित्यकारलाई प्रदान गर्न लागिएको बताए । भानुभक्त आचार्य द्विशतवार्षिकी कार्यकारी समितिले नेपाली भाषा र साहित्यमा योगदान पुऱ्याएका सत्तरी वर्ष नाघेका १८० साहित्यकारलाई जनही रु दश हजारको 'भानुभक्त पुरस्कार' प्रदान गरिसकेको छ । नेपाल सरकारबाट नेपालका १४ अञ्चलमा आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकी समिति गठन गरेर प्रत्येक अञ्चललाई रु एक एक लाख बजेटसमेत पठाइसकेको व्यहोरा पसाईले जनाए । समितिले 'भानुभक्त काव्य महोत्सव' गरेर २४ कविलाई जनही रु दश हजार, चित्रकला महोत्सव गरेर नौ चित्रकारलाई जनही रु दश हजार, निबन्ध महोत्सवमा १० जनालाई जनही रु दश हजार पुरस्कार प्रदान गरिसकेको सल्लाहकार प्रसाईले बताए । सरकारले आदिकवि भानुभक्त द्विशतवार्षिकी मनाउन रु एक करोड बजेट विनियोजन गरेअनुसार १४ अञ्चल, ७५ जिल्ला र विभिन्न २२ राष्ट्रमा आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति गठन गरेर विभिन्न कार्यक्रमका साथ द्विशतवार्षिकी मनाइरहेको छ । प्रा डा महादेव अवस्थी र नरेन्द्रराज प्रसाईद्वारा संयुक्त रूपमा सम्पादन गरिएको ५०० पृष्ठको 'भानुभक्त आचार्य काव्य ग्रन्थ' पनि प्रकाशन गर्ने तयारी भइरहेको प्रसाईले बताए । साथै प्रसाईद्वारा लिखित 'भानुभक्त र मोतीराम' शीर्षकको जीवनी कृति पनि यसै पर्वमा प्रकाशन हुने भएको छ । भानुभक्त महोत्सवमा समाविष्ट निबन्ध र कविता कृति पनि प्रकाशनमा ल्याउने तयारी भइरहेको जनाइएको छ ।

खुत्रुकेको पैसा वृद्ध-वद्धाहरूलाई प्रदान

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ असार ।

लेखनाथ नगरपालिका वडा नं ८ को शिशुवामा संचालित एक जेरी पुरी होटलका संचालकले जम्मा गरेको खुत्रुकेको पैसा बृद्ध बढाका लागि हस्तान्तरण गरि उदाहारणीय काम गरेका छन् ।

रुपन्देही देवदह गाविस स्थायी घर भएका राजु मल्ल र उनकी श्रीमती निशा मल्लले आफनो जेरी पुरीको होटलमा गत कार्तिक देखी दैनिक रुपमा जम्मा गर्दै आएको खुत्रुकेको एक हजार पाँच सय ५० रुपियाँ मंगलबार एक कार्यक्रमका बीच श्री कृष्ण प्रणामी बाल तथा वद्धाश्रमलाई हस्तान्तरण गरेका हुन् । होटल संचालक राजुले संकलित उक्त रकमलाई मंगल चौधीको दिन पारेर लेखनाथ उद्योग वाणि आश्रमका अध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठीले आश्रमका संचालक समितिका अध्यक्ष तिलकशाली अधिकारीलाई हतान्त्रण गरेका थिए । रकम सानो भएपनि उनले गरेको उदाहरणीय कामलाई सबैले प्रशंसा गर्दै आगामी दिनमा सबैले यस प्रकारको कामको अनुकरण गर्दै सामाजिक विकासमा सहभागी हुनका लागि आश्रमका सचिव कृष्णप्रसाद ढुंगानाले आग्रह गरेका छन् ।

हडकडमा फुटवल तालिम हुने

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ असार ।

सहारा क्लब हडकडको आयोजनमा यहि जुलाई ४ देखि १५ गते सम्म हडकडमा आधारभूत फुटवल तालिम सञ्चालन हुन गैरहेको छ । सहारा क्लब हडकडलका प्रथम उपाध्यक्ष पूर्व राष्ट्रिय खेलाडी अनिल गुरुङको संयाजकत्वमा क्लबका सचिव एवं पूर्व राष्ट्रिय खेलाडी, एनआइएस फुटवल प्रशिक्षक विलबहादुर तामाङ मुख्य प्रशिक्षक, पूर्व राष्ट्रिय खेलाडी तिलक गुरुङ र खुम गुरुङको प्रशिक्षणमा ९ देखि १६ बर्षका बालकहरुलाई सहभागी गराई तालिम प्रदान गरिनेछ । सहारा क्लब हडकडले यस बर्षदेखि प्रत्येक वर्ष वर्षे विदामा यो कार्यक्रम सञ्चालन गर्ने योजना राखेको छ । यो तालिम हप्ताको तीन हडकडको जोर्डनको फुटबल मैदानमा सञ्चालन हुनेछ ।

सहारा क्लब पोखराको शाखाको रुपमा दुई वर्ष अघि स्थापना भएपछि हडकडको व्यस्थ तालिकालाई समायोजन गरि विभिन्न सामाजिक संघ, संस्थाहरु संग हातेमालो गर्दै सामाजिक कार्यमा अग्रहसर भई रहेको छ भने अघिल्लो वर्ष हडकडमा सहारा क्लब हडकडको आयोजनामा सहारा साफ २०१४ को आयोजना भएको थियो भने यो वर्ष पनि उक्त कार्यक्रमको दोश्रो संस्करण अक्टोबरमा सञ्चालन हुने भएको छ ।

पोलमा टाँगिएको व्यानर हटाइयो

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ असार ।

साइनएज एसोसियसन कास्की, नेपालद्वारा मंगलबार सडक दाँया बाँया रहेको खम्बाहरुमा झुण्डिएर रहेको पुराना च्यातिएका र अनावश्यक ब्यानर, तुल तथा पोष्टरहरु हटाएको छन् । सडक दार्या बाया रहेको खम्बाहरुमा झुण्डिएर रहेको पुराना च्यातिएका र अनावश्यक ब्यानर, तुल तथा पोष्टरहरु हटाऔं, पोखराको सौन्दर्य बढाऔं" भन्ने नाराका साथ पोखरा नगरपालिको सहयोगमा उक्त व्यानररु हटाइएको हो । पोखरा नगरपालिकाका सरसफाई प्रमुख चुडामणि तिवारीको प्रमुख आतिथ्यमा र सञ्जु गुरुङको अध्यक्षतामा पोखरा सभागृहबाट शुरु भई महेन्द्रपुलमा गई कार्यक्रम समापन भएको थियो । त्यस अवसरमा बोल्दै तिवारीले साइनएज एसोसिएसन कास्की नेपालले पोखराको सौन्दर्यमा सानै भएपनि पहल गरी उदाहरणीय कार्य गरेको र भविष्यमा पनि यस्तै सामाजिक कार्य गर्ने विश्वास व्यक्त गरे । उनले कुरा भन्दा पनि सेवा गर्ने हातहरु आवश्यकता रहेको र त्यस्ता सेवाका हातहरुलाई नगरपालिकाले सधै आर्थिक, भौतिक र नैतिक रुपमा सहयोग गर्दै आईरहेको व्यहोरा जानकारी गराउँदै भविष्यमा पनि यस्ता कार्यहरुमा सहयोग गर्ने प्रतिबद्धता जनाए ।

पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका 'गोल्डेन न्यूज राष्ट्रिय दैनिक' खोजी-खोजी पढ्ने गरौं ।

कांग्रेस नेता दाहाल रहेनन

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ असार ।

नेपाली कांग्रेसको भरतपोखरी गाउँ इकाइ समितिका पूर्व उपसभापति तथा स्थानीय समाजसेवी महेश्वर दाहालको ६८ वर्षको उमेरमा निधन भएको छ । मंगलबार उनको निधन भएको हो । स्व. दाहालको शवमा कास्की कांग्रेसका नेता शोभियतबहादुर अधिकारीले पाटीको झण्डा ओढाएर अन्तिम श्रद्धाञ्जली अर्पण गरेका थिए । त्यस अवसरमा नेपाली कांग्रेसका क्षेत्रीय सभापति शोभाचन्द्र बराल, विरन्द्रनारायण विजुक्छे, केशर निर्दोपी लगायतका नेता र कार्यकर्ता सहभागिता रहेको थियो । यसैबीच कास्की कांग्रेसका तर्फबाट सचिव युबराज कुँवरले एक शोक विज्ञप्ति जारी गर्दै दाहालको निधनले नेपाली कांग्रेसलाई ठूलो क्षति पुगेको उल्लेख गरेका छन् । दाहालले प्रजातन्त्र र लोकतन्त्रका लागि सदैव सक्रियता देखाउदै आएको उल्लेख गर्दै विज्ञप्तिमा शोक सन्तप्त परिवारमा समवेदना प्रकग गरिएको छ ।

बसले यात्रुको औंला चुडाल्यो

पोखरा १७ असार ।(गोल्डेन)

पृथ्वी राजमार्गमा पर्ने तनहुँको घाँसीकुवा-१ मा सोमबार साँझ विपरीत दिशाबाट आएको बसले क्रस गर्ने क्रममा एक यात्रुको आधा औंला चुडिएको छ । दमौलीबाट डुम्रे जाँदै गरेको ना४ख ६७८६ नेको बसमा चढी आएका काभ्रे मिथिलाकोट- ९ बस्ने ४५ वर्षीय रैते तामाङको दाहिने हातको आधा औंला चुडिएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ । सिसा बाहिर हात राखेका तामाङको विपरीत दिशाबाट आउँदै गरेको नम्बर नखुलेको बसले क्रस गर्ने क्रममा ठक्कर दिंदा औंलाको आधा भाग चुडिएको हो । घाइते तामाङलाई दमौलीस्थित रत्नहरि अस्पतालमा सामान्य उपचारपछि थप उपचारका लागि पोखरा पठाइएको प्रहरीले जनाएको छ ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पनि
Log on : www.goldennews.com.np

स्तरीय फिजियोथेरापी

स्पार्क अस्पताल, काठमाडौंबाट वरिष्ठ फिजियोथेरापिष्ट डा.अनिल महतो प्रत्येक महिनाको तेस्रो शनिबार र यसपटक असार २१ गते आउनुहुने भएकाले स्तरीय फिजियोथेरापी तथा उपचार चाहनुहुने व्यक्तिहरुले सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

उपचार हुने रोगहरू : प्यारालाइसिस, मुख बाङ्गिने, शरीरको ए वा दुवै भाग नचल्ने, हात खुट्टा झनझनाउने, पोल्ने, नशा तथा हड्डिका समस्याहरू । ढाड, कम्मर तथा गर्दन दुख्ने। डिस्क प्रोल्याप्स, हड्डि खिइएको, नशा च्यापिएको, वाथ, अर्थराइटिस, घुँडाका जोर्नीहरू दुख्ने, युरिक एसिड बढेको, टाउको दुख्ने, तनाव, अनिद्रा, पिनाश, पायल्स, अप्रेशन पछि गरिने फिजियोथेरापि ।

स्पार्क बि. एण्ड डि. हस्पिटल
सभागृहचोक, पोखरा-सभागृहको ठीक अगाडि (नबिल बैंक पछाडि)
फोन : ०६१-५२१४०८, ९८४६०३४३८४
स्वास्थ्य मन्त्रालयबाट स्वीकृति प्राप्त पोखराको प्रथम र एकमात्र प्राकृतिक चिकित्सा, फिजियोथेरापि तथा रिह्याबिलिटेशन अस्पताल

के तपाईंमा यौनसम्बन्धी समस्या छ ???

पुरुषमा देखिने
शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।

महिलाहरूमा देखिने
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डुप्टीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुबी, सेतो दुबी, साथै अन्य चर्मरोगहरू ।

महिला वा पुरुषमा हुने बाँझोपन) नि:सन्तानको सफल उपचार

बाँझे समय : प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान
माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१

हार्दिक बधाई

श्री सञ्जिवबहादुर कोइराला

यस क्लबका शुभचिन्तक एवं सहयोगी, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष श्री सञ्जिवबहादुर कोइरालाज्यू नेपाल सरकारबाट प्रदान गरिएको जनसेवाश्री पदकबाट विभूषित हुनुभएकोमा उहाँको सु-स्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको शुभकामना सहित हार्दिक बधाई ज्ञापन गर्दछौं ।

वीरभद्र आचार्य (अध्यक्ष) एवं
सहारा क्लब पोखरा परिवार
www.saharaclubpokhara.com.np

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा